कञ्चनपुरमा एचआइभी संक्रमितको संख्या बढ्दै, १५ वर्षमा १४८ जनाको मृत्यु

देवेन्द्र खड्का/हिटा

कञ्चनपुर, २९ मंसिर

नेपाल सरकार तथा अन्य विभिन्न संघसंस्थाले एचआइभी एड्ससम्बन्धी थुप्रै सचेतनामूलक कार्यक्रम गर्ने गर्छ । यद्यपि यो रोगबाट संक्रमित बिरामीको संख्या भने बर्सेनि बढ्दै गइरहेको छ । नेपालमा सर्वप्रथम विसं २०४४ सालमा एचआइभी/एड्स फेला परेको थियो । त्यसबेलादेखि अहिलेसम्म यसको महामारी बढिरहेको छ । काम खोज्दै भारतका विभिन्न शहर तथा अन्य मुलुक पुगेका पुरुषहरू असुरक्षित यौनसम्पर्कबाट एचआइभी संक्रमित भई घर फर्केपछि उनीहरूबाटै अरूमा सर्ने भएकाले नेपालमा यो रोगबाट संक्रमितहरूको संख्या बढिरहेको हो ।

कञ्चनपुर जिल्लामा पनि एचआइभी संक्रमितको संख्या बढ्दै गएको छ । महाकाली अस्पतालको एआरटी उपचार केन्द्रको तथ्यांकअनुसार जिल्लामा हालसम्म ६०३ जना एचआइभी/एड्सबाट संक्रमित बिरामी छन् । जम्मा ६०३ जनामध्ये १४८ जनाको मृत्यु, ९१ जनालाई रेफर, ५५ जना हराएको र ३० ९ जनाले औषधि सेवन गरिरहेको महाकाली अस्पतालका एआरटी एचए ममता सुनारले बताउनुभयो । महाकाली अस्पताल कञ्चनपुरको एआरटी उपचार केन्द्रको तथ्यांकअनुसार जिल्लामा जम्मा एड्स संक्रमितमध्ये २६३ जना महिला, तीन सयजना पुरुष, ३६ जना बालबालिका र चारजना तेस्रो लिङ्गी रहेका छन् ।

महाकाली अस्पतालका एआरटी काउन्सिलर विमला भट्टले भन्नुभयो, 'जिल्लामा हालसम्म २९ महिला, १०८ पुरुष र ११ बालबालिका गरी जम्मा १४८ जनाको एड्सका कारण मृत्यु भइसकेको छ ।' त्यस्तै अस्पतालको एआरटी उपचार केन्द्रबाट ९१ जना संक्रमितलाई रेफर गरिएको काउन्सिलर भट्टले बताउनुभयो । 'महाकाली प्रादेशिक अस्पतालको एआरटी उपचार केन्द्रको तथ्यांकअनुसार ५५ जना संक्रमित व्यक्तिहरू हराएको सूचीमा छन् ।' उहाँले भन्नुभयो, 'अन्तिम पटक औषधि लिएको तीन महिनासम्म पनि सम्पर्कमा नआएका व्यक्तिलाई हामी हराएको भन्छौं ।' जिल्लामा पछिल्लो तीन वर्षमा मात्रै ११३ जनामा एचआइभी/एड्स संक्रमण पुष्टि भएको काउन्सिलर भट्टले बताउनुभयो । उहाँका अनुसार आर्थिक वर्ष ०७५/०७६ मा २७ पुरुष, २७ महिला, सात बालबालिका र दुईजना तेस्रो लिङ्गी गरी ६३ जनामा, आर्थिक वर्ष ०७६/०७७ मा २४ पुरुष, १५ महिला, दुई तेस्रो लिङ्गी र एकजना बालबालिका गरी ४२ र आव ०७७/०७८ मा तीनजना पुरुष, ११ जना महिला, तीनजना बालबालिका र एक तेस्रो लिङ्गी गरी १८ जनामा एचआइभी/एड्स संक्रमण पुष्टि भएको छ ।

'हाल कञ्चनपुरमा एचआइभी/एड्स संक्रमितको संख्या बढ्दै गएको छ, प्रत्येक वर्ष ३०/४० नयाँ संक्रमित फेला पर्ने गरेका छन्,' कान्सिलर भट्टले भन्नुभयो, 'यो तथ्यांक त हामीकहाँ पुगेको तथ्यांकमात्र हो, धेरै संक्रमितहरू लाज मानेर, यो सम्बन्धी थाहा नभएर हामीसामु नपुगेका संक्रमितहरू अझ बढी हुन सक्छन् जसको कुनै तथ्यांक नै छैन ।'

उहाँका अनुसार हाल सर्वसाधारण यो रोगसम्बन्धी सचेत रहेका र आफ्नो स्वास्थ्य चेकजाँच खुलेर गर्ने गरेका कारण पछिल्लो समय मृत्युदर भने घटेको छ । यो रोगको न्यूनीकरणका लागि विदेशबाट फर्केपछि रगत चेकजाँच गर्ने, औषधि निरन्तर सेवन गर्ने, यौनसम्पर्क राख्दा गर्भनिरोधकको अस्थायी साधन प्रयोग गर्ने, एड्सका लक्षण देखा परेमा जति सक्दो चाँडो स्वास्थ्य चौकी जानुपर्नेमा काउन्सिलर भट्टले जोड दिनुभयो । संक्रमितहरूले खानपानमा ध्यान दिएमा, समयमा औषधि खाएमा, स्वास्थ्य चेकजाँच गरेमा बाँच्न सकिने काउन्सिलर भट्टले जानकारी दिनुभयो ।

पाँच बंगलादेशी नागरिक पक्राउ

काठमाडौं/हिटा । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैधरूपमा लुकाइछिपाई लैजान लागेको एक हजार ३११ ग्राम सुन जस्तो देखिने पहेंलो धातुको बिस्कुट आकारको वस्तु, चेनरोल, औंठी र चुरासहित पाँचजना बंगलादेशी नागरिकलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा बंगलादेशी नागरिकहरू राहदानी नम्बर ए ०१२४१४६९ बाहक ३० वर्षीय तौहिदुल तनविर, राहदानी नम्बर बिक्यु ०३९३२८८ बाहक ३० वर्षीय एमडी युनुस अली, राहदानी नम्बर बिटी ०६९३५९९ बाहक ५० वर्षीय सोभान तालुकदार, राहदानी नम्बर ए ००१००८८५ बाहक २५ वर्षीय जाहिदुल इस्लाम र राहदानी नम्बर इवी ००५२३४७ बाहक ३७ वर्षीय एमडी मिराजुल इस्लाम रहेका छन् । पक्राउ परेकामध्ये तौहिदुलको साथबाट २१६ ग्राम, युनुसको साथबाट २३३ ग्राम, सोभानको साथबाट एक सय ग्राम, जाहिल दुलको साथबाट ३३२ ग्राम र मिराजुलको साथबाट ४३० ग्राम सुनजस्तो धातु बरामद भएको हो ।

हिमालयन एयरलाइन्सको उडानद्वारा दुबईबाट काठमाडौं हुँदै बंगलादेश जान लागेका उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय ह्यान्ड ब्यागेज चेकिङ एरियामा जाँच गर्नेक्रममा उनीहरूको साथबाट उक्त परिमाणको धातु फेला परेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान एवं कारवाहीका लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर पठाइएको अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय गौचरले जनाएको छ ।

स्थानीय तहका न्यायिक समिति प्रभावकारी हुन सकेनन्

विजय रावत/हिटा

जुम्ला, २९ मंसिर

जुम्लाका स्थानीय तहका न्यायिक समितिले प्रभावकारीरूपमा काम गर्न सकेका छैनन् । न्याय निरूपणका लागि स्थानीय तहमा न्यायिक समितिको व्यवस्था भए पनि न्याय सम्पादन प्रभावकारी हुन नसकेको हो । जसका कारण अधिकांश सर्वसाधारण प्रहरी चौकीमै उजुरी दिने गर्छन् । जनप्रतिनिधि राजनीतिक पेरीफेरीबाट आएकाले न्याय पाउन नसकेको स्थानीयवासी बताउँछन् । प्रहरीले नै न्याय दिलाउँछ भन्ने मान्यता अहिलेसम्म कायमै छ । जिल्लाका आठवटै स्थानीय तहमा उपाध्यक्षको संयोजकत्वमा न्यायिक समिति छ । तर, न्यायिक समितिप्रति नागरिकको भरोसा छैन ।

जिल्लाको गुठीचौर गाउँपालिकामा अहिलेसम्म ५९ उजुरी परे । गत आर्थिक वर्षमा ४१ उजुरी परेकोमा यो वर्ष १८ उजुरी परेका छन् । यी सबै घरेलु हिंसा, झैं-झगडा र कुटपिटका उजुरी हुन् । यी उजुरी हेर्न स्थानीय तहमा न्यायिक समिति छ । तर, न्यायिक समितिको विश्वास नमानेर प्रहरीमा उजुरी दिन जाने गरिएको सो गाउँपालिकाको झारज्वालामा रहेको प्रहरी चौकीका सहायक निरीक्षक कमलकुमार श्रेष्ठले बताउनुभयो । प्रहरी चौकीमा समाधान गर्न सकिने उजुरीउपर चौकीमै कारबाही हुने गरेको छ । उहाँले भन्नुभयो, 'जटिल खालका उजुरी आएपछि जिल्ला प्रहरी कार्यालय जुम्लामा पठाउने गरेका छौं ।' महिलामा चेतनाको विकास भएसँगै हिंसाका घटनाहरू बाहिर आउन थालेको प्रहरीले जनाएको छ ।

गुठीचौर गाउँपालिका उपाध्यक्ष तथा न्यायिक समितिका संयोजक जानदेवी ऐडीका अनुसार न्यायिक समितिमा उजुरी निकै कम पर्ने गरेको छ । उहाँले भन्नुभयो, 'पहिलेदेखि उजुरी प्रहरीमा दिने बानी परेका स्थानीयवासी अहिले पनि प्रहरीमै उजुरी दिने गरेका छन् । पटक-पटक न्यायिक समितिमा उजुरी गर्न आग्रह गरिएको भए पनि विश्वास गरेको देखिँदैन । गाउँपालिकामा आउने उजुरीको समाधान छलफलका माध्यमबाट गरिँदै आएको छ ।'

सबैभन्दा बढी घरेलु हिंसाका उजुरी पर्ने गरेका छन् । पछिल्लो समय घरेलु हिंसाको घटना बढ्दै जानुमा वैदेशिक रोजगारी मुख्य समस्याका रूपमा देखापरेको गाउँपालिका न्यायिक समितिका संयोजक ऐडीले बताउनुभयो । अधिकांश स्थानीय तहमा उजुरीउपर छलफल गर्नका लागि आफ्नो इजलास बनेको छैन । न्यायिक कर्मचारी नहुँदा काम गर्न समस्या भएको स्थानीय तहका न्यायिक समितिका संयोजक बताउनुहुन्छ ।

धादिङमा फोटोसहितको मतदाता नामावली संकलन कार्य सुरु

बाबुराम श्रेष्ठ/हिटा

धादिङ, २९ मंसिर

धादिङमा फोटोसहितको दोस्रो चरणको मतदाता नामावली संकलन मंगलबारदेखि सुरु भएको छ । १६ वर्ष उमेर पूरा भएका नेपाली नागरिकहरूको नाम मतदाता नामावलीमा दर्ता गर्न यो अभियान सुरु गरिएको हो ।

दोस्रो चरणअन्तर्गत मंगलबार जिल्लाको थाक्रे गाउँपालिकामा ७७, त्रिपुरासुन्दरी गाउँपालिकामा १०३, बेनीघाट रोराङ गाउँपालिकामा १२, गल्छी गाउँपालिकामा ५५, नेत्रावती डबजोङ गाउँपालिकामा ३१, खनियाबास गाउँपालिकामा १७, नीलकण्ठ नगरपालिकास्थित जिल्ला निर्वाचन कार्यालयबाट ७७ जना र जिल्ला प्रशासनबाट ३७ जना गरी ४०९ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएको धादिङका जिल्ला निर्वाचन अधिकारी सन्तोषकुमार श्रेष्ठले जानकारी दिनुभयो । यो अभियान पुस ८ गतेसम्म सञ्चालन हुनेछ ।

पहिलो चरणअन्तर्गत मंसिर १७ गतेदेखि २६ गतेसम्म जिल्लाको रुवीभ्याली, गंगाजमुना, सिद्धलेक, गजुरी, ज्वालामुखी गाउँपालिका र धुनिबेसी नगरपालिकामा मतदाता नामावली संकलन कार्य सञ्चालन भएको थियो । पहिलो चरणमा छवटा स्थानीय तहका पाँच हजार ४०२ जनाले मतदाता नामावलीमा नाम दर्ता गराएको निर्वाचन कार्यालयले जनाएको छ । यस्तै दर्ता गर्न छुट भएकाहरूले अनिवार्यरूपमा सक्कल नेपाली नागरिकतासहित जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय धादिङबाट समेत दर्ता गराउन सकिने उहाँले बताउनुभयो । नीलकण्ठ नगरपालिकाको भने हरेक दिन जिल्ला निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयबाट दर्ता भइरहेको छ ।

हत्या गरेको अभियोगमा पक्राउ

सुनसरी/हिटा । सुनसरीको इटहरी उपमहानगरपालिका-४ बस्ने ५१ वर्षीय मुरारी गिरीको हत्या गरेको अभियोगमा उनकै सालो भोजपुर हतुवागढी गाउँपालिका घर भएका १९ वर्षीय अर्जुन राईलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

जैमिनि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मिसेरा बाग्लुङ

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७८।०८।२९

यस कार्यालयबाट प्रकाशित निम्न ठेक्का सम्बन्धि सुचना र तत्पश्चात रितपुर्वक e-Bid मार्फत प्राप्त भएका बोलपत्र उपर कारबाहि हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोहि ऐनको दफा ४७ समेतको प्रयोजनार्थ सारभुत रुपमा प्रभावग्राहि देखिएका तपशिल बोलपत्र स्विकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारिको लागि सूचना प्रकाशित गरिएको छ ।

तपशिल

S.N	IFB No.	Description of works	Bidder Name	Approved Amount Rs. (with VAT)	Remarks
1	JM/BAGLUNG/NCB/W/R/01/2078-79	Construction of Jaiminidham Kusmisera timurkhola Sadak	G/S Engineering & Builders/Hillside Nirman Sewa, Pokhara JV	1,58,40,660.22	
2	JM/BAGLUNG/NCB/W/I/02/2078-79	Timurkhola Kalne Thadakhet Irrigation Canal construction works	Hillside Nirman Sewa	24,62,437.32	

प्रमुख प्रशासकीय अधिकृत

विर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विर्तामोड, झापा
१ नं प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति २०७८/०५/०१ गते

यस कार्यालयबाट मिति २०७८/०६/०८ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचनामा माग भए अनुसार तपशिल बमोजिमका ठेक्कामा पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्याङ्कित, सारभुत रुपमा प्रभावग्राही रहेको बोलपत्र यस कार्यालयको मिति २०७८/०८/२९ गतेको निर्णय अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा(२) प्रयोजनको लागि ७ (सात) दिने यो सूचना प्रकाशित गरिएको सम्बन्धित सबैमा जानकारी गराइन्छ

तपशिलः-

बोलपत्र विवरण	बोलपत्रदाता	कबोल अंक (मू.अ.कर सहित)	कैफियत
BTMMUN/GOODS/NCB.-02/078-79	भूमि – हिमालय जे.भि., बिराटनगर, मोरङ	२,०४,६८,४९०.२५/-	न्यून मूल्याङ्कित कबोल रकम सारभूत रुपमा प्रभावग्राही
BTMMUN/GOODS/NCB.-03/078-79	भूमि – हिमालय जे.भि., बिराटनगर, मोरङ	१,४८,८३,६४५.००/-	न्यून मूल्याङ्कित कबोल रकम सारभूत रुपमा प्रभावग्राही

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
संघिय सडक सुपरिबेक्षण तथा अनुगमन कार्यालय, इटहरी
सडक डिभिजन दमक
झापा

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०७८/०९/०१

यस कार्यालयबाट सुचना न. ०८-०७७/७८ मिति २०७८/०३/२७ गतेको **हिमालय टाइम्स दैनिक** मा प्रकाशित सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका **बोलपत्रहरु** मध्ये तपशिल बमोजिमको बोलपत्र न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि प्रकाशित गरिएको छ ।

S.N.	Notice No.	Contract No.	Description of Works	Name of Successful Bidder	Bid Amount, NRs (Including PS and VAT), NRs.
1	08-077/78	RD-DMK/33701122-4/2077/78-041	Construction of Prestressed RCC Bridge (3*30m) over Sukeninda River, Mechi Na.Pa., Jhapa	M/S Mahadev Khimti-Panchayan JV, Kathmandu	71,207,718.12

डिभिजन प्रमुख

सहयोगी बहुउद्देश्यीय सहकारी संस्था लि.

ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ८, लुभू

अचल सम्पत्ति धित्तो (घर जग्गा) लिलामी बिक्री गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

सूचना प्रकाशित मितिः २०७८/०५/०१

यस संस्थाको तपसिलमा उल्लेखित ऋणी सदस्यले व्यापार व्यवसाय गर्न व्यवसायिक कर्जा शिर्षक अन्तर्गत कर्जा लिई यस संस्थासँग भए गरेको लिखित शर्त, सम्झौता तथा कवुलियत बमोजिम तोकिएको समय अवधि भित्रमा तिर्न, बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत नतिरी, नबुझाई भाखा नघाई संस्थासँग भएको ऋण कर्जा सम्बन्धी लिखितमा उल्लेखित शर्त, बन्देज उल्लघंन गर्नु भएकोले तपाई ऋणी उपर ऋण कर्जाको साँवा, ब्याज तथा हर्जाना समेत लेना रकम चुक्ता भुक्तान गर्न आउनु भनि पटक-पटक मौखिक तथा लिखित तारताकेता गर्दा समेत संस्थाको ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले उल्लेखित ऋणीको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारे मिति २०७८/७/०५ गते प्रथम पटक २१ (एक्काईस) दिने तथा पुनः मिति २०७८/०७/३० गते दोश्रो पटक १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा ऋणीले संस्थामा साँवा ब्याज बुझाउने बारे कुनै चासो नदेखाएको हुनाले पुनः ३५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र यस संस्थाको कार्यालय महालक्ष्मी न.पा. वडा नं. ८ लुभुमा सम्पर्क राखी संस्थालाई बुझाउनु पर्ने कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना रकम समेत चुक्ता भुक्तानी गर्नुहुन अनुरोध गरिन्छ । उक्त म्याद भित्र पनि कर्जा चुक्ता नगरेमा कर्जा सुरक्षणमा लेखि दिएको कुनै किसिमको झैं झगडा नभएको, यस संस्थामा धित्तो सुरक्षण वापत रहेको अचल सम्पत्ति (घर जग्गा) सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, तथा यस सहकारीको ऋण लगानी तथा असुली सम्बन्धी विनियावलीले दिएको अधिकार प्रयोग गरि नियम बमोजिम सस्था आफैले लिलाम बिक्रि गर्ने भएकोले, लिलाममा डाँक बढाबढ गरि लिन ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३६औं दिन (उक्त दिन बिदा परेमा सो को भोलिपल्ट) तोकिएको समय अनुसार यस सहकारीको कार्यालयमा उपस्थित भई आफुले सकार गरि लिन चाहेको मुल्यमा बोल कबोल गर्नुहुन सुचित गरिन्छ ।

तपसिल

सि.नं.	ऋणीको फोटो	ऋणी सदस्यको विवरण	जमानीको फोटो	जमानी दिने/धितोको विवरण
१.		ऋणीको नामः जय प्रकाश खड्का बाबुको नामः अर्जुन बहादुर खड्का बाजेको नामः ज्ञान बहादुर खड्का ठेगानाः ल.पु. जिल्ला, लामाटार वडा नं.७ ना.प्र.नं.३०७४२, जि.प्र.का. ललितपुर मितिः-२०६१/०७/११		जमानीको नाम : हरि भक्त खत्री बाबुको नामः मिठ्ठाराम खत्री बाजेको नामः नर बहादुर खत्री ठेगानाः ल.पु.जि.लामाटार वडा नं. ३ ना.प्र.नं.२८३०२४/२६ जि.प्र.का.ललितपुर मिति २०६३/११/२२ धितोको विवरणः ल.पु.जि.लामाटार-३क कि.नं.१४५३ क्षेत्रफल १-३-३-० जग्गा र सोमा चर्चेको लिग लगापत समेत

लिलामका शर्तहरु

१. लिलाममा अन्तिम पटक सबै भन्दा बढी कवोल गर्ने व्यक्तिले बोलेको अंकको १०%ले हुने रकम नगदै धरौटी बापत तुरुन्त यस संस्थामा बुझाउनु पर्नेछ ।
२. लिलाम सकार गर्ने व्यक्तिले संस्थाबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझी नलिएमा धरौती बापत रहेको १०% रकम स्वत जफत हुनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मुल्यको १०% रकम सोही दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम बोल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ ।
४. तोकीएको लिलामको दिन संस्था बिदा परेमा वा सरकारी बिदा परेमा त्यसको लगतै संस्था वा सहकारी कार्यालय खुल्ने दिन लिलाम बढाबढ हुनेछ ।
५. डाँक बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६. लिलाम बिक्री हुने धितो (घरजग्गा) को सम्बधित कागजातहरु हेर्न चाहनु हुने महानभुावहरुले यस संस्थामा कार्यालय समय भित्र सर्म्पक राख्न सक्नु हुनेछ ।
७. ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ८ लुभु स्थित यस संस्थाको कार्यालयमा १०:०० बजे देखि ४:०० बजे सम्म लिलामको डाँक बढाबढ हुनेछ ।
८. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयमले नै व्यहोर्नु पर्नेछ ।
९. सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन सक्नेछ ।
१०. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट कर्जा रकम असुल उपर नभएमा ऋणी तथा जमानीको नाउँमा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ ।